# राष्ट्रिय दलित आयोग

## वार्षिक प्रतिवेदन

आ.व. २०७१/७२



**राष्ट्रिय दलित आयोग**
जावलाखेल, ललितपुर, नेपाल
२०७२

राष्ट्रिय दलित आयोग
जावलाखेल, ललितपुर

<u>आयोगका पदाधिकारीहरु</u>

**अध्यक्ष**
**श्री मान बहादुर नेपाली**

**सदस्यहरु**
श्री कोपिला वि.क.
श्री विमला वि.क.
श्री बुद्धिमान परियार
श्री विकास कुमार रोका
श्री परदेशी सुनार
श्री रुप बहादुर परियार
श्री मनसुर सुनार
श्री मञ्जित ताम्राकार
श्री लिलमान परियार
श्री राधेश्याम पासवान
श्री वंगाली हजारा पासवान
श्री राजकुमार बराईली
श्री मेहल पार्की
श्री गोविन्द विश्वकर्मा
श्री वेगम विश्वकर्मा

**सदस्य-सचिव**
**श्री सिताराम घले परियार**

विषय सूची

## परिच्छेद-एक

## विषय प्रवेश


| क.सं. | विषय | पेज |
|---|---|---|
| १.१ | प्रतिवेदनको सारांश | |
| १.२ | वार्षिक प्रतिवेदनका सम्बन्धमा | |
| १.३ | प्रतिवेदनको उद्देश्य | |


## परिच्छेद-दुई

आयोगको परिचय


| | | |
|---|---|---|
| २.१ | पृष्ठभूमी | |
| २.२ | परिचय | |
| २.३ | आयोगको लक्ष्य | |
| २.४ | आयोगको उद्देश्य | |
| २.५ | आयोगको काम, कर्तव्य र अधिकार | |
| २.६ | आयोगको वर्तमान प्रशासनिक संरचना | |


## परिच्छेद-तीन

आयोगले आ.व. २०७१/७२ मा गरेका महत्वपूर्ण गतिविधि एवं क्रियाकलापहरु

## परिच्छेद-चार

## विविध


| | | |
|---|---|---|
| ४.१ | आयोगले हाल सम्म गरेका महत्वपूर्ण कार्यहरु | |
| ४.२ | आयोगमा हाल सम्मका अध्यक्षहरु | |
| ४.३ | आयोगले सम्मान गरेका व्यक्तित्वहरु | |
| ४.४ | आयोगका आयोगका आगामी चुनौतीहरु | |

## परिच्छेद-पाँच
## अनुसूचीहरु

५.१ दलित जातीय अनुसूची विवरण
५.२ उजुरी फारमको नमूना
५.३ नागरिकतामा थर सच्याउने व्यवस्था सम्बन्धमा गृह मन्त्रालयको सूचना
५.४ आयोगले प्रदान गर्ने दलित जातीय प्रमाण पत्र लिनको लागि भर्नुपर्ने फारमको नमूना
५.५ दलित जातीय प्रमाण
५.६

परिच्छेद-छ
## फोटो ग्यालरी

# परिच्छेद-एक

## विषय प्रवेश

### १.१ प्रतिवेदनको सारांश :

नेपालको नयाँ संविधानले राष्ट्रिय दलित आयोगलाई संवैधानिक हैसियत दिए संगै यसको कानूनी हैसियत बलियो हुनुका साथै भविष्यमा दलित समुदायका लागि स्थानीय तहसम्म पुगी ठोस कार्य गर्न सक्ने कुरामा सन्देह रहदैन । गठन आदेशको भरमा कार्य गर्दाको बखत देशैभरी छरिएर रहेको दलित समुदायको सबै समस्यालाई अपेक्षाकृत रुपमा सम्बोधन गर्न नसकेको, देशमा हुने जातीय भेद्भाव एवं छुवाछूतका घटनाहरुमा दलित आयोगको उपस्थिती आशातित रुपमा हुन नसकेको र सिमित साधन श्रोतको कारण आयोगले योजना गरे अनुरुप आफ्ना गतिविधिहरु समेत सञ्चालन गर्न नसकिरहेको सन्दर्भमा संवैधानिक हैसियत प्राप्त पछि ती सब अवस्थाहरु नरहने कुरामा आयोग विश्वस्त छ ।
देशको कूल जनसंख्याको १३.२ प्रतिशत जनसंख्या ओगट्ने दलित समुदाय सिप, कला र कौशलको धनी समुदाय हो । अझ भन्नुपर्दा यस देशको वास्तविक प्राविधिक ज्ञान भएका प्राविधिकहरु हुन् । देशको यति ठूलो हिस्सा ओगट्ने र पेशागत दक्षता र कलाका धनी यस समुदायको सहभागिताविना  देशको विकास संभव छैन । तर विगतमा फर्केर हेर्दा राज्यले कानून निर्माण गरेर नै फगत पेशाका आधारमा समाजको वर्गीकरण गरी समाजमा विभेद्को खाडल सृजना गरेको ईतिहास साक्षी छ । राज्यको अंगहरुमा सदैव वञ्चितीमा रहेको यस समुदायको राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक लगायतको स्थिती देशका अन्य समुदायको तुलनामा निकै तल रहेको छ ।  राज्यको विकासको मूल प्रवाहमा दलित समुदायको सहभागिता विना देशको समविकास नहुने देखेपछि २०५८ चैत्र ६ मा राष्ट्रिय दलित आयोगको स्थापना भएको हो । २०५८ मा स्थापना भई गठन आदेशको (Executive Order) को हैसियतमा कार्य गरिरहेको दलित आयोगले उपलब्ध सिमित स्रोत र साधन र हैसियतका आधारमा देशको सम्पूर्ण दलित समुदायलाई न्याय गर्न भरमग्दुर प्रयास गर्दै आएको जगजाहेर छ । तथापी गरेका प्रयास एवं पहलकदमी पर्याप्त भने थिएनन् । किनभने देशैभर छरिएर रहेको दलित समस्यालाई सम्बोधन गर्न काठमाडौंमा सिमित रहेको दलित आयोगका लागि सम्भव पनि थिएन ।

देशमा भएका पछिल्ला घटनाक्रम, राजनीतिक परिवर्तन, सिमान्तकृत समुदायका अधिकार, समावेशी तथा समानुपातिक मुद्दाहरु अगाडि आए जसले संवैधानिक दलित आयोगको आवश्यकतालाई जोडदियो । स्वयं दलित आयोग, दलित नागरिक समाज एवं दलित गैर सरकारी संस्थाहरुले खेलेको भूमिकाले पनि महत्वपूर्ण योगदान रहन गयो र केहि समय अगाडि जारी भएको नेपालको संविधानले दलित आयोगलाई संवैधानिक हैसियत प्रदान गर्न सफल भएको छ जुन आफैमा एउटा ठूलो उपलब्धी हो ।

राज्यका तर्फबाट पछिल्लो समयमा जातीय भेद्भाव तथा छुवाछूत जस्तो सामाजिक कलंकको अन्त्यकालागि केहि ऐन, कानून एवं संयन्त्रहरु बनेका छन् । जसले राज्य दलित समुायप्रति गंभीर छ भन्ने आभास दिलाउछ तर पनि भन्नै पर्छ कि भएका दलित मैत्री ऐन, कानूनको कार्यान्वयनको अवस्था भने प्रभावकारी देखिएको छैन । उल्टो जातीय भेद्भाव तथा छुवाछूत ( कसूर र सजायँ ) ऐन, २०६८ पश्चात जातीय भे्दभावका जघन्य घटनाहरु भएका प्रमाण छन् । एकातिर जातीय भेद्भाव विरुद्धको ऐन छ भने अर्कोतिर ऐनका बारेमा कानून कार्यान्वयन गर्ने गराउने निकाय/जिम्मेवार निकाय एवं प्रमुखहरुलाई ऐनका बारेमा जानकारीनै छैन । त्यसैगरी जातीय भेद्भाव तथा छुवाछूत

तथा दलितहरुको अधिकार प्रवर्द्धन संयन्त्र-२०६८ पनि गठन भएको छ तर त्यसको कुनै ठोस कार्यक्रम तथा बजेटको अभावको कारणले गर्दा प्रभावकारी हुन सकिरहेको छैनन् । देशका बजेटमा पनि दलितका लागि विभिन्न कार्यक्रमहरु आउने गरेको तर के गर्ने, कुन कार्यक्रम गर्ने, कसरी गर्ने, कति बजेट छुट्ट्याईएको जस्ता कुराहरु स्पष्ट नहुँदा कार्यक्रमहरु कागज एवं योजनामै सिमित हुन पुगेको देखिन्छ । तथापी यस कार्यक्रम राष्ट्रिय दलित आयोगको भूमिका अहम हुन आउँछ तर पनि कमजोर कानूनी हैसियत, सिमित साधन र स्रोत तथा काठमाडौं सिमितता भएका कारणले गर्दा आयोगका सिफारिशहरु कार्यान्वयन हुन नसकेको अवस्था यथार्थ हो । तसर्थ लामो संघर्ष पश्चात दलित आयोग संवैधानिक आयोग भएको छ । यसको कानूनी हैसियत बढेको अवस्थामा अब जिम्मेवारी, काम कर्तव्य र अधिकार पनि वृद्धि भएको छ भने अब यसका सिफारिशहरु कार्यान्वयन हुनेछन् भन्ने कुरामा आयोग विश्वस्त छ । दलित आयोगले भोलिका दिनमा कामगर्न सहज हुने हिसाबले आयोगले रणनीतिक योजना निर्माण, कार्य सञ्चालन निर्देशिका, अनुगमन तथा मूल्याँकन निर्देशिका एवं कार्यविधि जस्ता निर्माण कार्यमा व्यस्त रहेको छ ।

आयोगले हाल महत्वपूर्ण कार्य गरिरहेको छ । जस अन्तर्गत जातीय भेद्भाव तथा छुवाछूत विरुद्धका घनटनाहरुको स्थलगत अनुगमन, जातीय भेद्भाव तथा छुवाछूत ( कसूर र सजायँ ) ऐन, २०६८ को व्यापक प्रचार प्रसार, प्रभावकारी कार्यान्वयनकालागि जिल्लाका सबै सरोकारवालाहरुलाई लक्षित गरी अभिमुखीकरण,अन्तरक्रिया एवं छलफल कार्यक्रमहरु गरिरहेको छ । त्यसैगरी विभिन्न जिल्लाहरुमा गई दलित जातीय प्रमाण पत्र वितरण, दलित मानव अधिकार रक्षकहरुको नियुक्ति, दलित विकास समितिका उपाध्यक्षज्यूहरुलाई अभिमुखीकरण कार्यक्रम, मिडिया, कानून व्यवसायी, दलित अधिकारकर्मी लगायत सबैलाई दलितका विषयमा जागरुक र गंभीर बन्न विभिन्न अभिमुखीकरण लगायतका कार्यक्रम सञ्चालन गरिरहेको छ । जातीय भेद्भाव तथा छुवछूत जस्तो जघन्य मानव अधिकार उल्लंघनको क्षेत्रमा काम गर्नको लागि ऐन, कानूनको निर्माण एवं त्यसको प्रभावकारी कार्यान्वयन त आवश्यक छ नै त्यसका अलावा अन्तर्राष्ट्रिय अनुभव, विज्ञता, ज्ञान एवं उलपब्धी एवं अवलोकन भ्रमण जस्ता कुराहरु पनि संगसंगै महत्वपूर्ण रहने गर्दछन् । मानव अधिकारको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय समुदाय, सञ्जाल संघ/संस्थाहरुको अनुभव एवं विशेषज्ञता एवं तिनिहरु संगको सम्बन्ध एवं सहकार्य महत्वपूर्ण हुन आउँछ । यसैलाई मध्यनजर गर्दै यस आयोगले केहि वर्ष यता भारत, वंगलादेश र श्रीलंकाको स्थलगत अध्ययन भ्रमण गरिसकेको छ जसले आयोगलाई विशेषत दुईवटा फाईदा पुगेको छ । पहिलो, जातीय भेद्भावको मुद्दामा भएका अन्तर्राष्ट्रिय प्रगती जान्ने बुझ्ने मौका, दोस्रो,अन्तर्राष्ट्रिय संघ/संस्थाहरुको सम्बन्धमा वृद्धि आदि । पछिल्लो समयमा आयोग यसै दिशा तर्फ पनि गंभीर ढंगबाट लागि परेको अवस्था छ ।

तसर्थ संवैधानिक हैसियत प्राप्ति संगै आयोगका केहि चुनौतीहरु पनि आएको छ । चुनौतीका कुरा गर्दा आयोगको ऐन आउन लाग्ने समय सम्म जनताको अपेक्षा पुरागर्ने चुनौती, यसले गरेका सिफारिशहरुलाई कार्यान्वयन गराउने समस्या, दलित मैत्री ऐन, नियम, कानूनको प्रभावकारी कार्यान्वयन गराउने चुनौती, समाजमा रहेको जातीय भेद्भाव तथा छुवाछूत सम्बन्धिको पुरातन सोंचलाई अन्त्य गर्ने चुनौती, दलित समुदायको अपेक्षा र आकांक्षालाई पुरागर्ने चुनौती, आवश्यक श्रोत साधनको चुनौती र जनशक्ति व्यवस्थापन लगायतका चुनौतीहरु आयोगका अगाडि तेर्सिएर रहेका छन् ।

तथापी, आयोग आगामी दिनमा समाजमा व्याप्त रहेको जातीय भेद्भाव तथा छुवाछूतको अन्त्य गर्दै दलित समुदायको समाजमा सम्मानपूर्वक बाँच्न पाउने वातावरणको निर्माण गर्दै देशको विकासको मूल प्रवाहम दलित समुदायको उपस्थितीलाई सुनिश्चित गर्दै समतामूलक समाजको निर्माणको उद्देश्यमा कटिवद्ध रहेको विश्वास दिलाउन चाहन्छौं ।

## १.२ बार्षिक प्रतिवेदनका सम्बन्धमा :

आयोगको यो वर्षको वार्षिक प्रतिवेदन अघिल्ला प्रतिवेदन भन्दा अलि फरक महत्व बोकेको रुपमा पेश गरेको छौं । नेपालको संविधानले दलित आयोगलाई संवैधानिक हैसियत दिईसकेपछिको पहिलो प्रतिवेदनका रुपमा यसलाई पेश गरिएको छ ।

## १.३ प्रतिवेदनको उद्देश्य :

- आ.व. २०७१-७२ मा राष्ट्रिय दलित आयोगले सम्पन्न गरेका स्वीकृत वार्षिक कार्यक्रम एवं अन्य गतिविधिहरु सार्वजनिक गरी नेपाल सरकारका, गैर सरकारी संघ संस्थाहरु एवं आम दलित समुदायलाई जानकारी गराउने ।
- दलित आयोगको गठन, उद्देश्य, काम, कर्तव्य र अधिकारको बारेमा सरोकारवालाहरुलाई जानकारी गराउने ।
- संवैधानिक दलित आयोगको भावि कार्यदिशा एवं योजनाका बारेमा सामान्य जानकारी गराउने ।
- दलित समुदाय माथि हुने जातीय छुवाछूत तथा भेद्‌भावजन्य अवस्थाको अन्त्य गर्न र राष्ट्र विकासको मूल प्रवाहमा ल्याउनको लागि देखा परेका समस्या र चुनौतीहरुको बारेमा नेपाल सरकार तथा विभिन्न सरोकारवालाहरुको ध्यानाकर्षण गराउने ।

# परिच्छेद-२
# आयोगको परिचय

## २.१ पृष्ठभूमी :

हिन्दु धर्मवाट प्रभावित नेपाली समाजको इतिहास केलाउदा जातपात र छुवाछूतको प्रचलन प्रारम्भदेखि नै रहेको देखिदैन । यो प्रचलन नेपाली समाजको आफ्नो परम्परा र मान्यता नभई सिन्धुगंगा मैदानमा वस्ने कट्टर वैदिक हिन्दुहरुवाट पछि ग्रहण गरीएको व्यवस्था हो । सन् २०० मा किराँत काल अन्त्य भयो तर त्यस वेलासम्म पनि नेपालमा जातपात र छुवाछूत प्रथाको प्रारम्भा भएको आधार भेटिदैन । धर्मको आधारमा जाति व्यवस्था र जातिका आधारमा पेशा व्यवसाय जात, वंश र पेशाकै आधारमा प्रचलित जातीय भेदभाव र छुवाछूतको सामाजिक व्यवहारलाई शासकीय इतिहासको मध्यकालिन सामन्ती शासकहरुले छुवाछूत र हिन्दु वर्णाश्रममा आधारीत जातपात प्रथालाई विस्तार गरेको पाइन्छ । शाहकाल (सन् १७६८ देखि यता) यो प्रथा कानूनतः अरु ज्यादा सुदृढ र विस्तार भएको पाइन्छ । नेपाल एक बहुजाति ,वहुभाषिक, बहुसंस्कृतिक भएको देश हो । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा १२५ जातजातिको वसोवास रहेको छ । यो विविधताको सम्मान र सवैको समान अधिकार प्रत्याभूति नै सामाजिक सुव्यवस्थाको आधार हो । अनेकतामा एकता नेपालको विशेषता पनि हो । यद्यपि समाजमा विविध खालका समस्याहरु छन्, जसले सामाजिक एकतालाई धमिल्याएका छन् । यि मध्ये विभेद एउटा यस्तो धमिरा हो, जसले सामाजिक सुव्यवस्थालाई खोक्रो वनाउदै लगेको छ । हाम्रो समाजमा विद्यमान जातीय विभेद, लैंगिक विभेद, वर्गीय विभेद,क्षेत्रिय विभेद, भाषिक विभेद जस्ता कारणले हाम्रो समाजलाई कलंकित वनाएका छन्, यसै कारण पनि आज हामी राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक सवै दृष्टिबाट संक्रमणकालमा छौं ।

दलित माथी गरीदै आएको जातीय विभेदले समाजलाई अझै जकड्याईराखेको छ । यसरी हाम्रो समाजमा धर्म, संस्कृति, जातीय विभाजन, वर्ग विभाजन, शासन पद्धति, सामन्ति सोंच आदी कारणले समाज जातीय दलदलमा फसेको छ । यस्ता कुरीति बाट विकसीत मुलुकहरु पनि पीडित छन् । यस प्रकृतिका विभेदको अन्त्यको लागि अन्तराष्ट्रिय रुपमा पनि धरै प्रयासहरु भएका छन् । सवैको आत्माको सम्मान गर्न र मर्यादा कायमा राख्न धेरै आदर्शात्मक सिद्धान्तहरु पनि प्रतिपादन भएका छन् । नेपालले पनि यस्ता सिद्धान्त र कानूनको अनुशरण गर्दै आएपनि अपेक्षित सफलता हासिल हुन सकेको छैन ।

मानव अधिकारको विश्वव्यापी घोषणपत्र १९४८ को धार २ मा जाति, वर्ण, लिंग, भाषा, धर्म,राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पति, सम्पति, जन्म वा अन्य कुनै हैसियत जस्ता अन्य कुनै पनि आधारमा कुनै किसिमको भेदभाव विना प्रत्यक व्यक्तिलाई यस घोषणा पत्रमा उल्लेखित अधिकार हुने अभिवेदको मूल्य र मान्यता प्रति प्रतिवद्धता जनाइएको छ । त्यसै गरी घोषणापत्रको धारा-६ मा कानूनको दृष्टिमा प्रत्येक व्यक्तिलाई सर्वत्र व्यक्तिको रुपमा मान्यता पाउने अधिकार हुने कुरा उल्लेख छ, धारा-७ मा सवै ब्यक्तिहरु कानूनको दृष्टिमा समान र कुनै पनि भेदभाव विना कानूनको संरक्षणका हकदार हुनेछन् । सवै ब्यक्तिहरुलाई यस घोषणापत्रको उल्लंघन गरी गरीएको कुनै पनि प्रकारको भेद्भाव विरुद्ध वा त्यस्तो भेद्भावको दुरुत्साहन विरुद्ध संरक्षण पाउने अधिकार हुने कुरा उल्लेख छ । सन् १९६० मा विश्वका विभिन्न भागमा घटेका निश्चित भाषीहरु विरुद्ध लक्षित घटनाहरु प्रति तत्काल संयूक्त राष्ट्रसङ्घीय महासभाले खेद प्रस्ताव पास गऱ्यो । जसमा जातीय, धार्मिक वा राष्ट्रिय रुपमा घृणा फैल्याउने सवै कार्यको गम्भिर रुपमा आलोचना गरीयो । यस्ता कार्यहरु संसारको वडापत्र, मानव अधिकार सम्वन्धि विश्वव्यापी घोषणापत्र विपरित भएको भन्दै उक्त प्रस्तावको माध्यमबाट सदस्य राष्ट्रहरुलाई यस्ता कार्यहरु रोक्न उपयुक्त संयन्त्रको विकास गर्न आव्हान गऱ्यो । सन् १९६३ नोभेम्वर २० मा संयूक्त राष्ट्र संघ महासभाले सवै प्रकारका जातीय भेदभाव

उन्मुलन सम्वन्धि घोषणापत्र पारीत गऱ्यो । सोही दिन महासभाले आर्थिक तथा सामाजिक परिषद्लाई उच्च प्राथमिकताका साथ सबै प्रकारका जातीय भेदभाव उन्मुलन सम्वन्धि महासन्धिको मस्यौदा तयार गर्न आग्रह गऱ्यो । सोहि अख्तियारी वमोजिम महासन्धिको मस्यौदा तयार गरी सन् १९६५ डिसेम्वर २१ मा महासभाले पारीत गऱ्यो । यस महासन्धिलाई नेपालले सन् १९७१ जनवरी ३० मा अनुमोदन गरी पक्ष राष्ट्र बनेको हो ।

नेपाली समाजमा कलंकको रुपमा विद्यमान जातीय भेदभाव तथा छुवाछूतले राज्यको करीव एक चौथाई जनसंख्यालाई प्रत्यक्ष असर पारेको छ । स्वतन्त्ररुपले पेशा व्यवसाय छनौट गर्न नपाउने, संलग्न पेशा व्यवसाय पनि जातीय उच निचताकै आधारमा पेशा अपमानित र व्यक्ति घृणित ठहरिने प्रचलनले गर्दा समाजमा अत्यन्तै ठुलो खाडल रहेको छ । यसले एकथरी मानव समुदायको जीवन शोषण र उत्पिडनको भुमरीमा पारेको छ भने, समग्र राष्ट्रलाई अवनतिको मार्गमा फसाएको छ । जव सम्म यस्तो भेदभाव अन्त्य हुदैन, एक मानवले अर्को मानव सरह समाजमा स्वाभिमानी ढंगले बाँच्न पाउदैन तव सम्म समाजमा कहिल्यै शान्ति हुदैन । अतः आर्थिक शोषण राजनीतिक वहिस्करण, धार्मिक अपहेलना र सामाजिक समनताको जड यो जातीय भेदभाव र छुवाछूत व्यवहार अन्त्य नभए सम्म आरक्षण वा अन्य कुनै प्रकारका उपयाहरु समेत असफल हुने भएकोले यसलाई अन्त्य गर्न प्रभावकारी कानून वनाई लागु गर्नु आजको आवश्यकता हो ।

नेपालको संविधान २०७२ अहिले  सम्मका संविधान भन्दा अलि बढी समावेशी र सिमान्तकृत समुदायको हक अधिकारलाई सम्बोधन गर्ने प्रयास गरेको पाईएको छ । दलितका हकमा पनि नेपालको संविधान २०७२ प्रगतीशिल नै छ । जसअन्तर्गत संविधानको प्रस्तावनामा नै .........***सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद् र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधतावीचको  एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता सहिष्णुता र भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दे वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद् र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै***.....भन्ने वाक्यांश राखिनुले पनि धेरै अर्थ राख्दछ । त्यसैगरी संविधानको धारा २४ ***"छुवाछूत तथा भेद्भाव विरुद्धको हक"*** मा व्यवस्था गरिएको छ । त्यसै गरी संविधानको धारा ४० मा ***"दलित को हक"*** भन्ने व्यवस्था गरिएको छ । माथि उल्लेखित धाराहरुमा भएका व्यवस्थाहरु वास्तवमै सकारात्मक छन् । । यी लगायत संविधानका अन्य धारा र भागहरुमा पनि समावेशीताको कुरा गरिएको छ जहाँ दलितहरुलाई सम्बोधन गर्न सक्ने प्रशस्त ठाउँहरु रहेका छन् । तर संविधानमा भएका माथि उल्लेखित भएका व्यवस्थाहरुको अक्षरशः कार्यान्वयन भएको खण्डमा मात्रै ती व्यवस्थाले सार्थकता पाउथे अनि दलित समुदाय प्रत्यक्ष रुपमा लाभान्वित हुने देखिन्छ ।

नेपाल सरकारले पटक पटक छुवाछुतमुक्त राज्य घोषणा गरेको र जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन,२०६८ लागु गरेको अवस्थामा पनि जातीय विभेद कायम रहेको र यस ऐनको प्रभावकारी कार्यान्वयन हुन नसकेको हुनाले नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६८/१२/२७ को निर्णय अनुसार राष्ट्रिय दलित आयोग समेत सदस्य रहने गरी १७ सदस्यीय केन्द्रिय निर्देशक समिति र ९ सदस्यीय केन्दीय सल्लाहकार समिति रहने गरी ***जातीय भेदभाव तथा छुवाछूत अन्त्य तथा दतिलहरुको अधिकार प्रवर्द्धन संयन्त्र,२०६८*** गठन भएको र प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा स्थानीय स्तरको संयन्त्र समेत गठन भईसकेको अवस्थामा उक्त समिति जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्न क्रियाशिल भई लागि रहेको छ भने यस संयन्त्रको कार्यान्वयन अवस्था भने त्यती प्रभावकारी देखिएको छैन । धेरै जसो जिल्लाहरुमा अहिले सम्म पनि संयन्त्र समेत गठन नहुनु पक्कै पनि राम्रो कुरा होईन ।

जातीय भेदभाव तथा छुवाछूत जस्तो कुप्रथा एवं संस्कार आज पनि नेपाली समाजमा विद्यमान रहनु राज्यको लागि निकै ठुलो चुनौतिको विषय हो ,जसको अन्त्य गरी दलित समुदायलाई राज्यको मुलधारमा समाहित गर्नका लागि आवश्यक कार्यहरु गर्ने लक्ष्यका साथ राष्ट्रिय दलित आयोगको स्थापना भएको हो ।

## २.२ परिचय :

जव सम्म दलितहरुको सत्ता, शक्ति र श्रोतमा पहुँच हुदैन तव सम्म छुवाछूतको पिडा बाट राष्ट्र मुक्त हुन सक्दैन । नेपाली समाजको राजनीतिक संरचनामा अहिलेको फेरवदलले दलित समुदायको जिवनशैलीको वस्तुगत अवस्थामा ठोस परिवर्तन भएको देखिदैन । पुरानो सत्ता परिवर्तन भए पनि नेपाली समाजको सत्ता र शक्तिमा असमान संरचनाको जुन बनौट छ, त्यसको सार रुपमा परिवर्तन नआएकोले छुवाछूत वाट राष्ट्र मुक्त हुन सकेको छैन । सरकार बदलीदैमा,व्यवस्था परिवर्तन हुँदैमा छुवाछूत अन्त्य भएन । अव पूर्ण पछौटे समाजलाई वदल्दै दलितलाई नीति निर्माण गर्ने तहमा पुऱ्याउन अनिवार्य छ । यसले छुवाछूत र उत्पिडनलाई मेट्न आधार तयार गर्छ । छुवाछूत अन्त्यको सवालमा नेपाली समाजको स्थिर आर्थिक, सामाजिक अन्तरविरोध भित्र समाधान खोजिनु पर्छ । देशमा विद्यमान छुवाछुतलाई जीवित राख्ने सवै खाले पुरानो प्रतिक्रियावादी तत्वलाई अन्त्य गर्नै पर्छ । छुवाछुतलाई संरक्षित गर्ने सामन्तबाद, कुलिन, ठालु संस्कृति र पछौटे घरेलु प्रतिकृयाबादी शक्तिमाथि बिजय पाउन ठोश रणनीतिक तथा कार्यनीतिक सवाललाई उठाएर दलित अधिकारको संरक्षणमा पहल गर्नै पर्छ ।

राज्य विकासको मुल प्रवाहवाट किनाराकृत गरिएका दलित समुदाय माथि पेशा र वंशका आधारमा गरिदै आएको जातीय भेदभाव र छुवाछूतको अन्त्य गरि दलित समुदायको आर्थिक,सामाजिक, शैक्षिक, राजनीतिक र सांस्कृतिक क्षेत्रमा समान सहभागिताको प्रत्याभूत गरि दलित मानव अधिकारको सुनिश्चितता, स्वतन्त्रता, समनता, सामाजिक न्याय, मानव अधिकार उपभोगको सहजता हुने वातावरण सिर्जना गरि दलित वर्गको हक, हित र अधिकारको निर्वाध उपभोग गर्न पाउने वातावरण सिर्जना गर्न आवश्यक पर्ने प्रचलित कानून र नेपाल सरकारका नीति नियमहरु समयानुकूल संशोधन गरि भेदभाव रहित समतामूलक समाज निर्माण गरि दलित समुदायलाई राष्ट्र विकासको मुलधारमा ल्याउने कार्यमा राष्ट्रिय दलित आयोग स्थापनाकाल देखि क्रियाशिल रहिआएको छ ।

नेपाल सरकार, अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तर्गत जातीय भेदभाव तथा छुवाछूतलाई निषेध गर्ने उपायहरु गर्न बाध्य छ । अशिक्षा, कुरिति, कुसंस्कार ,गरिबी, असमानता र सामाजिक न्यायको अभाव जस्ता कारणले गर्दा दलित समुदाय माथि हिंसा र भेदभावका घटनाहरु अझै पनि बिद्यमान रहेका छन् । यस्ता हिंसाजन्य अपराध र भेदभावका कारण समावेशि समाजको निर्माणमा बाधा उत्पन्न भएको छ । समावेशी समाजको निर्माण गर्न सवै जातजातिको समान अधिकारलाई प्रवर्द्धन गर्नु पर्ने भएपनि सीमान्तकृत दलित वर्ग आर्थिक, सामाजिक तथा राजनीतिक विकासको प्रक्रियाबाट अझै धेरै पछाडी छन् । जव सम्म स्वस्थ्य, शिक्षा ,आर्थिक, राजनीतिक तथा प्रशासनिक लगाएतका क्षेत्रमा दलित समुदायको समानुपातिक सहभागिता हुदैन तव सम्म मुलुकको दिगो विकास सम्भव छैन । दलित समुदाय माथि हुने गरेका हिंसा तथा भेदभावको कारण विश्वसामु नेपालको छवीमा नकरात्मक असर परेको छ । अतः नेपाली समाजमा हाल विद्यमान रहेको दलितहरुप्रतिको भेदभाव अन्त्यको लागि तत्काल ठोस कदम चाल्नु आवश्यक छ । परम्परागत रुपमा समाजमा जकडिएर रहेको जातीय छुवाछूत जस्तो कुसंस्कारले नेपाली समाजको संरचना र धार्मिक तथा सांस्कृतिक अवस्थामा थुप्रै विकृतिहरु जन्मिएको र कतिपय अवस्थामा यस्ता कुरीतिले हिंसाजन्य अपराधलाई समेत प्रश्रय दिएकोले यस प्रकारको सामाजिक कुरीतिको अन्त्य गरी भेदभावरहित समतामूलक नेपाली समाजको

निर्माण गर्नु अति आवश्यक रहेको छ । यस तथ्यलाई दृष्टिगत गर्दै जातीय आधारमा समाजमा हुने सवै प्रकारका भेदभावको अन्त्य तथा जातीय छुवाछूत जस्तो सामाजिक अपराधको निर्मुल गर्नको लागि राष्ट्रिय दलित आयोग प्रतिवद्ध रहदै आएको छ । २०५८ सालमा गठन भएको दलित आयोग हाल आएर भने संवैधानिक हैसियत प्रापत गरेको छ । बदलिएको परिवेश परिस्थितीमा संवैधानिक दलित आयोगका चुनौती र अवसर दुवै बढेर गएको अवस्थामा आम दलित समुदायका समग्र माँगलाई सम्बोधन गरेर अगाडि बढ्नुनै राष्ट्रिय दलित आयोगको अबको बाटो हो ।

## २.३ आयोगको लक्ष्य :

जातीय भेदभाव र छुवाछूत रहित समतामुलक समाज निर्माण गरी सबैका लागि स्वतन्त्रता, समानता, सामाजिक न्याय, मानव अधिकारको सहज उपभोग सुनिश्चित हुने वातावरण बनाउनु ।

## २.४ आयोगको उद्देश्य :

- जातीय आधारमा विद्यमान आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, प्रशासनिक तथा धार्मिक सांस्कृतिक विभेदको पुर्ण अन्त्य गरी दलित समुदायलाई मानव विकासका दृष्टिले सशक्तिकरण गर्दै राज्यका हरेक अंग, तह र निकायमा समानुपातिक सहभागिता, समाजमा सम्मानपुर्ण जीवनयापनको वातावरणको विकास गर्ने ।
- मानव विकास सुचाङ्कमा नेपाली समाजका अन्य जाति, समुदाय सहित दलित समुदायको जीवनस्तर बढाउने ।

## २.५ आयोगको काम, कर्तव्य र अधिकार :

नेपालको संविधान २०७२ ले राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुने व्यवस्था गरेको छ ।

क) दलित समुदायको समग्र स्थितीको अध्ययन तथा अन्वेषण गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिश गर्ने,

ख) जातीय छुवाछूत उत्पीडन र विभेद्को अन्त्य गरी दलित उत्थान र विकासका लागि दलित हितसंग सरोकार राख्ने राष्टिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,

ग) दलित समुदायको उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत दलित हितसंग सम्बन्धित कानूनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने,

घ) दलित समुदायको अधिकारसंग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

ङ) दलित समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याँकन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने,

च) जातीय भेद्भाव तथा छुवाछूत वा सामाजिक कुरीतिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नु पर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिश गर्ने ।

## २.६ आयोगको वर्तमान प्रशासनिक संरचना :

आयोगको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्नको लागि सदस्य सचिव रहने र निजको रेखदेख सुपपरीवेक्षणमा अन्य कर्मचारीहरु रहने व्यवस्था गठन आदेशमा गरीएको छ । आयोगमा कर्मचारीको दरवन्दी संख्या २६ रहेको छ । नेपाल सरकारको तर्फबाट स्थायी कर्मचारीको हकमा स्थानीय विकास मन्त्रालयवाट एक जना उपसचिव, एक जना लेखा अधिकृत र स्टोरकिपरको व्यवस्था गर्दै आएको छ भने अन्य कर्मचारीहरु आयोग आफैले लोक सेवा आयोगको प्रत्यक्ष निगरानीमा प्रचलीत ऐन बमोजिम आवश्यक प्रक्रिया पुरा गरी नियुक्त गरेको छ । अधिकांश कर्मचारीहरु करारमा नियुक्ति गर्नुपर्ने अवस्थाले गर्दा कर्मचारीको स्थायीत्व हुन सकेको छैन । आयोग एक मात्र केन्द्रिय संरचना हुनाले क्षेत्रिय तथा जिल्ल स्तरमा आयोगका गतिविधिहरुलाई प्रभावकारी रुपमा पुऱ्याउन सकिएको छैन । सिमित स्रोत साधन ,अस्थायी कर्मचारी र अपर्याप्त जनशक्ति, क्षेत्रिय तथा स्थानीय स्तरमा आयोगको संरचना नभएको हुनाले आयोगको भूमिकालाई प्रभावकारी वनाउन सकिएको छैन । सरकारी स्तरमा व्यवस्था गरीएको लाखौँ दलित समुदायको एक मात्र भरोसाको रुपमा आयोगलाई लिने गरेता पनि राजनीतिक तथा प्रशासनिक इच्छाशक्ति र राज्यको सवाल प्रतिको संवेदनशिलताको कमिको कारणले गर्दा जनताका आवश्यकता, माग र विश्वासलाई संवोधन गर्न नसकिएको अवस्था विद्यमान छ ।



## परिच्छेद-३

आयोगले आ.व. २०७१/७२ मा गरेका महत्वपूर्ण गतिविधि एवं क्रियाकलापहरु

### ३.१ आयोगले गरेको सेवा प्रवाह, एक झलक :

आ.बा २०७१/७२

| क्र.स | विवरण | आ.ब.२०७१/७२ |
|---|---|---|
| १ | जातीय सिफारिश | ३३६ |
| २ | निःशुल्क अध्ययन सिफारिश | २९० |
| ३ | दलित जातीय प्रमाणपत्र | २२४१ |
| ४ | निःशुल्क उपचार सिफारिश | १४ |
| ५ | थर परिर्वतन सिफारिश | १२१ |
| | जम्मा संख्या | ३०३२ |

श्रोत : तथ्याँक शाखा, रादआ ।

### ३.२ आयोगले स्थापना कालदेखि हाल सम्म (२०५८-२०७१) प्रवाह गरेको सेवा प्रवाहको एक झलक

| क्र.सं. | विवरण | आ.ब.२०७१/७२ |
|---|---|---|
| १ | जातीय सिफारिश | |
| २ | निःशुल्क अध्ययन सिफारिश | |
| ३ | दलित जातीय प्रमाणपत्र | |
| ४ | निःशुल्क उपचार सिफारिश | |
| ५ | थर परिर्वतन सिफारिश | |
| | जम्मा संख्या | |

### ३.३ आयोगमा ०७१ माघ १ गते देखि फागुन मसान्त २०७२ सम्म दर्ता हुन आएका घटना एवं उजूरीहरु :

| क्र.सं. | उजुरी घटनाको प्रकृती | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | जातीय छुवाछूत | १० | २०.८३ |
| २. | जातीय विभेद्/ देवानी | १४ | २९.१६ |
| ३ | जातीय विभेद्/अन्य फौजदारी | ५ | १०.४१ |
| ४ | मानव अधिकार हनन् | ८ | १६.६६ |
| ५ | फौजदारी | ६ | १२.५ |
| ६. | अन्तरजातीय विवाह | ५ | १०.४१ |
| | जम्मा | | |

श्रोत : कानून तथा मानव अधिकार शाखा, रादआ ।

## आ.व. २०७२ मा सम्पन्न गरेका महत्वपूर्ण गतिविधिहरु :

१. आयोगले सभामुख सुवाश चन्द्र नेम्वाङ्ग समक्ष ज्ञापन पत्र प्रस्तुत :

राष्टिय दलित आयोगले संविधानमा समावेश गरिनुपर्ने विषयवस्तुका सम्बन्धमा संशोधन प्रस्ताव पेश गरेको छ ।..................??????

२. **आयोगको वार्षिकोत्सव सम्पन्न :**

यस आयोगले सदाभ्कै २०७१ साल चैत्र ६ गते आफ्नो १३औं वार्षिकोत्सक दिवस समारोह सम्पन्न गरेको थियो । जावलाखेल स्थित आयोगको प्राङ्गणमामा सम्पन्न कार्यक्रममा करीव १५० जनाको उत्साहजनक उपस्थिती रहेको थियो । स्थानीय विकास मन्त्री श्री प्रकाशमान सिंहको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा विभिन्न सरकारी निकायहरु, आयोगहरु, प्रतिष्ठानहरु, विभिन्न संघ संस्थाहरु, दलित नागरिक समाज, मिडया, विभिन्न राजनीतिक दलहरु एवं शुभेच्छुकहरुको उल्लेख्य उपस्थिती रहेको थियो । कार्यक्रममा दलित आन्दोलनलाई विभिन्न कोणबाट सहयोग गर्ने व्यक्तित्वहरुलाई प्रमुख अतिथी बाट सम्मान गरिएको थियो । सम्मानित हुनेहरुमा फिल्म निर्देशक नविन सुव्वा, लोक गायक राजु परियार.................................




यसै गरी आयोगले ईमान्दार एवं अनुशासित ढंगबाट आफ्नो जिम्मेवारी वहन गर्ने कर्मचारीहरुलाई पनि सम्मान गरेको थियो । यसरी सम्मानित हुनेहरुमा आयोगका कर्मचारीहरु क्रमशः शाखा अधिकृत राम बहादुर विश्वकर्मा, नायव सुव्वा श्रीधर पुडासैनी, हलुका सवारी चालक जीत बहादुर सुनार र कार्यालय सहयोगी तुलसा हिङ्गमाङ्ग रहेका थिए । कार्यक्रमको अन्त्यमा आयोगका अध्यक्ष मान बहादुर नेपालीले भएका दलित मैत्री ऐन कानूनको प्रभावकारी कार्यान्वयनमा जोडदिनुपर्ने बताउँदै यस कार्यमा आयोग सक्रिय भएको बताउनुभयो । दलित समुदायका लागि धेरै काम गर्न बाँकी रहेकाले दलित आयोगलाई संबैधानिक हैसियत प्रदान गरिन आवश्यक रहेको बताउँदै कार्यक्रममा उपस्थित सबैमा धन्यवाद दिनुभएको थियो ।

३. **आयोगद्वारा दूर्गम जिल्लामा गई सेवा प्रदान :**

**दार्चुला :**

दलित आयोग केन्द्रमा मात्रै सिमित रहेका कारण सेवाग्राहीहरु सामान्य सेवाका लागि काठमाडौं आउनु पर्ने समस्यालाई मध्यनजर गर्दै आयोगले देशका दूर्गम जिल्लाहरुमा गई घुम्ति शिविर मार्फत जातीय प्रमाण पत्र, जातीय सिफारिश लगायतका सेवाहरु प्रदान गर्ने कार्यको शुरुवात गरेको छ । त्यसको शूरुवात आयोगले सुदूर पश्चिमको दार्चुला जिल्ला बाट गरेको छ । आयोगका सदस्य परदेशी सुनारको नेतृत्वमा गएको टोलीमा

आयोगका उपसचिव गोपाल राज तिमिल्सिना, शाखा अधिकृत राम बहादुर विश्वकर्मा, लेखा अधिकृत युवराज राई, ना.सु.हरु क्रमश धर्मेन्द्र विश्वकर्मा र बल टमटा सहितको टोलीले दार्चुला जिल्लामा गई सदरमुकाम खलङ्गामा दलित जातीय प्रमाण पत्र, जातीय सिफारिश लगायतका सेवाहरु प्रदान गरेको छ । आयोगका सदस्य श्री परदेशी सुनारको अध्यक्षतामा सम्पन्न समुदघाटन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी प्रेम सिंह कुवँर,स्थानीय विकास अधिकारी श्री सहदेव रायमाझी, प्रहरी नायव उपरीक्षक श्री नैन सिंह कार्की, नेपाल पत्रकार महासंघ दार्चुलाका अध्यक्ष श्री शंकर सिंह धामी, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ का अध्यक्ष श्री जयराम लोहार, ए.ने.क.पा.माओवादी जिल्ला सचिव लाल बहादुर विश्वकर्मा, दलित नागरीक समाज, विभिन्न राजनीतिक दलका प्रतिनिधि, भातृ संगठनका प्रतिनिधि, पत्रकारहरु, रेडियोकर्मीहरु लगाएत ५० जनाको उपस्थिति रहेको थियो ।

प्रमुख अतिथी प्रमुख जिल्ला अधिकारी बाट दलित जातीय प्रमाण पत्र वितरण गरि समुदघाटन गरिएको कार्यक्रममा आयोगका लेखा अधिकृत श्री युवराज राईले स्वागत मन्तव्य राख्नुभएको थियो । आयोगका उपसचिव श्री गोपाल राज तिमिल्सिनाले कार्यक्रमको उद्देश्य माथी प्रकाश पार्नु भएको थियो भने आयोगका शाखा अधिकृत श्री राम बहादुर विश्वकर्माले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो । टोलीले ३ दिन सम्म सदरमुकाममा रहि विभिन्न सञ्चार माध्यमबाट आयोग आएको जानकारी गराएको थियो जसबाट जिल्लाका विभिन्न स्थान बाट सेवाग्राहीहरु सदरमुकाम आई आयोगको सेवा लिएका थिए । आयोगले दार्चुला जिल्लामा रहँदा ५८६ ( महिला २७३, पुरुष ३१३ ) वटा दलित जातीय प्रमाण पत्रहरु वितरण गरेको थियो ।

## सुर्खेत :



त्यसै गरी आयोगले मध्य पश्चिमको सुन्दर नगरी सुर्खेत जिल्लाको वीरेन्द्रनगरमा गई घुम्ति शिविर मार्फत दलित समुदायलाई सेवा प्रदान गरेको थियो । आयोगका सदस्य श्री परदेशी सुनारको नेतृत्वमा गएको आयोगको टोलीमा आयोगका शाखा अधिकृत राम बहादुर विश्वकर्मा, ना.सु. दिपक नेपाली, कार्यालय सहयोगी जुना विश्वकर्मा हुनुहुन्थ्यो । २०७२ साल आषाढ १० गते देखि ११ गते सम्म दुई दिन जिल्लामा रहेको आयोगको घुम्ति शिविरले स्थानीय वीरेन्द्रनगरमा दलित जातीय प्रमाण पत्र वितरण गरेको थियो । उक्त शिविर उद्घाटन सत्रको अध्यक्षता आयोगका सदस्य श्री परदेशी सुनारज्यूले गर्नुभएको थियो । प्रमुख जिल्ला अधिकारी बलदेव गौतमको प्रमुख आतिथ्यता रहेको यस कार्यक्रममा स्थानीय विकास अधिकारी श्री हिरालाल रेग्मी, प्रहरी नायव उपरीक्षक श्री राजेशलाल कर्ण, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, दलित नागरीक समाज, भातृ संगठनका प्रतिनिधिहरु, पत्रकारहरु, स्थानीय संघ संस्थाहरु लगायत ४५ जनाको उपस्थिति रहेको उक्त कार्यक्रममा आयोगका शाखा अधिकृत श्री राम बहादुर विश्वकर्माले स्वागत मन्तव्य र कार्यक्रमको उद्देश्य माथी प्रकाश पार्नुभएको थियो भने आयोगका नायव सुव्बा दिपक नेपालीले कार्यक्रम

सञ्चालन गर्नुभएको थियो । उक्त घुम्ति शिविर मार्फत आयोगले स्थानीय २५० जनालाई दलित जातीय प्रमाण पत्र उपलब्ध गराएको थियो ।

४. **भूकम्प प्रभावित जिल्लामा नागरिक समाज संग पीडितहरुलाई राहत वितरण :**

२०७२ बैशाख १२ को भूकम्प बाट प्रभावित भएका जिल्लाहरुमा दलित आयोगले दलित नागरिक समाजसंगको सहकार्यमा विभिन्न जिल्लाहरुमा गई प्रभावित दलितलाई लक्षित गरी दलित तथा गैरदलितहरुलाई राहत सामग्रीहरु वितरण गरेको थियो । दोलखा, सिन्धुपाल्चोक, ललितपुर, काभ्रेपलाञ्चोक, रामेछाप लगायतका जिल्लाहरुमा दलित नागरिक समाजको राहत वितरण कार्यमा राष्टिय दलित आयोगले नेतृत्व गरेको थियो ।

५. **जातीय भेद्भाव तथा छुवाछूत सम्बन्धि घटनाहरुको विभिन्न जिल्लाहरुमा अनुगमन :**

आयोगले विभिन्न जिल्लाहरुमा भएका दलित मैत्री कानूनको कार्यान्वयनको अवस्थाको बारेमा आवश्यक अनुगमन गरेको छ । ..................................अनुगमनटोलीले अनुगमनका क्रममा जिल्लाका स्थानीय निकाय एवं सरोकारवालाहरुलाई दलित मैत्री ऐन नियमको प्रभावकारी कार्यान्वयन भएका घटनाहरुका सम्बन्धमा

६. **स्वास्थ्य, विज्ञापन,यातायात तथा विभिन्न शिर्षकमा राहत वितरण :**

राष्टिय दलित आयोगले दलित समुदायका विविध कारणले स्वास्थ्य उपचार गराउन नसकेका, यातायात खर्च अपुग भएका र अन्य कारणले अप्ठ्यारोमा परेका व्यक्तिहरुलाई राहत स्वरुप केहि रकम उपलब्ध गराउने गरेको छ । जस अन्तर्गत आयोगले .......जनालाई धेर थोर आर्थिक सहयोग प्रदान गरेको थियो ।

७. **लोक सेवा आयोग, शाखा अधिकृत तयारी कक्षा सञ्चालनका लागि Basket Fund मा आीर्थक सहयोग:**

दलित समुदायका परीक्षार्थीहरुलाई निजामति सेवा तर्फ आकर्षित गर्नका लागि यस आयोगले विगत केहि समय देखि आफ्नै श्रोत साधन बाट लोक सेवा आयोग शाखा अधिकृत तयारी कक्षा सञ्चालन गर्दै आएको र त्यसबाट धेरै दलित परीक्षार्थीहरु लाभान्वित भएको तथ्याँक छ । तर केहि वर्षयता भने आयोगले बजेटको अभावको कारण केहि संघसंस्थाहरुको अगुवाईमा सञ्चालन भएको **लोक सेवा आयोग शाखा अधिकृत पदको तयारी कक्षा सञ्चालन कार्यक्रम**को Basket Fund मा केहि रकम सहयोग गरी कक्षा सञ्चालन हुँदै आएको छ । यस आयोगले आर्थिक वर्ष ०७१/७२ गत वर्ष उक्त तयारी कक्षा सञ्चालनका लागि रु. ५००००।-(पचास हजार मात्र ।-) सहयोग गरेको थियो । उक्त कार्यक्रमबाट दलित समुदायका ९१ जना दलित युवाले तयारी कक्षामा सहभागी हुने अवसर पाएका थिए ।

## <u>**RoLHR/UNDP** परियोजना अन्तर्गत यस आयोगले सम्पन्न गरेका गतिविधीहरु</u>

राष्टिय दलित आयोगले सन २०१३ देखि संयुक्त राष्ट संघको आर्थिक सहयोगमा सञ्चालित बहुसरोकारवालाहरु रहेको "**नेपालमा मानव अधिकार तथा कानूनी शासन प्रणाली सबलीकरण कार्यक्रम**" ( Strengthening the Rule of Law and Human Rights Protecting System in Nepal Programme-RoLHR ) को एक कार्यान्वयन गर्ने निकायको रुपमा कार्य गरिरहेको छ । सर्वोच्च अदालनको नेतृत्वमा रहेको यस कार्यक्रममा नेपाल सरकारका विभिन्न निकायहरु सदस्यका रुपमा रहेका छन् । यस कार्यक्रम अन्तर्गत यस आयोगले विशेष गरी दलितहरुको न्यायमा पहुँच, दलित मानव अधिकारको संरक्षण र प्रवर्द्धन, भएका दलित मैत्री ऐन/नियम कानुनको प्रचार प्रसार एवं आयोगको क्षमता अभिवृद्धि जस्ता कार्यक्रमहरु गरिरहेको छ । आ.व. २०७१/७२ को अवधिमा यस कार्यक्रम अन्तर्गत आयोगले गरेका विविध गतिधिहरु यस प्रकार रहेका छन् ।

१. <u>भूकम्प बाट अति प्रभावित १० जिल्लाहरुको स्थलगत अनुगमन :</u>

२०७२ बैशाख १२ मा गएको भूकम्प बाट प्रभावित भएका १४ जिल्लामा ठूलो धनजनको क्षति भएकोमा जिल्लाका दुर्गम, विकट ठाउँमा दलितहरु बस्ने र विपन्नताको कारण कमजोर घरहरुमा दलितहरुनै बस्ने भएको कारण दलितहरुनै बढी प्रभावित भएको ठानी उक्त जिल्लाहरुको स्थलगत अनुगमन गर्न आवश्यक ठानी दलित आयोगले प्रभावित जिल्लारुको अनुगमन गरेको थियो । आयोगले गोरखा, धादिङ्ग, रसुवा, सिन्धुपाल्चोक, दोलखा, काभ्रेपलाञ्चोक रामेछाप, ओखलढुङ्गा, मकवानपुर, नुवाकोट जिल्लाहरुको स्थलगत अनुगमन गरेको थियो ।





आयोगले आयोगका पदाधिकारी, कर्मचारी र आयोगको नेतृत्वमा रहेको आयोगको संयुक्त अनुगमन समिति ( Joint Monitoring Committee ) का सदस्य संस्थाहरुलाई समेत परिचालन गरी अनुगमन गरिएको थियो । अनुगमनका क्रममा आयोगको अनुगमन टोलीले राहत वितरणमा भएको विभेद् का सम्बन्धमा सम्बन्धित जिल्लाका जिम्मेवार निकायहरु जिल्ला दैवी प्रकोप उद्धार समिती, जिल्ला प्रशासन कार्यालय तथा

अन्य सरोकार निकाय संग भेटी दलित समुदाय तथा सिमान्तकृत समुदायलाई प्राथमिकतामा राखेर राहत वितरण गर्नुपर्ने लगायतका सुझावहरु दिएको थियो । साथै आयोगले नागरिक समाज संग प्रत्यक्ष भेटी भएका विभेद् र अवस्थाका बारेमा आवश्यक जानकारी लिएको थियो । उक्त अनुगमन पश्चात आएका स्थलगत कुराहरुलाई समेटी प्रतिवेदन तयार गरी आवश्यक ध्यानाकर्षणका लागि आयोगले सरकारलाई बुझाईएको थियो ।

२. **दश जिल्लाहरुमा दलित मानव अधिकार रक्षकहरु ( Dalit Human Rights Defenders ) नियुक्त :**

